*सभाबाट पारित मिति : २०७६।०३।२९*

# कर्णाली प्रदेश ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** आर्थिक वर्ष २०७६/७७ को लागि प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न कर्णाली प्रदेश सरकारले प्रदेश ऋण उठाउन वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"कर्णाली प्रदेश ऋण उठाउने ऐन, २०७६"** रहेको छ।

(२)यो ऐन २०७६ साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **प्रदेश ऋण उठाउने अधिकारः** (१) आर्थिक वर्ष २०७६/७७ को लागि प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न कर्णाली प्रदेश सरकारलाई आर्थिक वर्ष २०७६/७७ को लागि आवश्यक पर्ने रू. ७५,००,००,०००।- (अक्षेरुपी पचहत्तर करोड रुपैंया मात्र)मा नबढ्ने गरी त्यतिसम्म रकमको प्रदेश ऋण उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उठाइने ऋण नेपाल सरकारबाट वा प्रचलित कानून बमोजिम लिइनेछ ।

(३) यस दफा बमोजिम उठाइएको प्रदेश ऋणको साँवा ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर प्रचलित कानूनबमोजिम हुनेछ।

कर्णाली प्रदेश सभाको सम्वत् २०७६ साल असार २९ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो अर्थ विधेयक पारित गरेको व्यहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु ।

..............................
राज बहादुर शाही
सभामुख
कर्णाली प्रदेश

प्रदेश सभा सचिवालय कर्णाली प्रदेश